आर्थिक बर्ष २०८०/८१ को

# नीति तथा कार्यक्रम

साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर , अछाम
सुदूरपश्चिम प्रदेश

**२०८० साल असार ०७ गते**

www.sanfebagarmun.gov.np

# साँफेबगर नगरपालिका
## आर्थिक बर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम

**सभाअध्यक्ष ज्यू,**
**नगर सभा सदस्यहरु,**
सभा अध्यक्ष ज्यूको अनुमतिले अब म आर्थिक बर्ष २०८०/०८१ को लागि यस साँफेबगर नगरपालिकाले लिएको नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

**सभा अध्यक्षज्यू,**
सात दशक लामो अनवरत संघर्षबाट प्राप्त भएको नेपालको संविधानमा व्यवस्था भए बमोजिम स्थानीय तहको दोस्रो कार्यकालको तेस्रो नगर सभामा हामी सहभागी भएका छौं। यो अवसर प्राप्त गर्न हाम्रा धेरै दाज्यू भाई दिदी बहिनीहरुले विभिन्न संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गरेका छन र कतिपयले त अझै सम्म पनि घाइते अवस्थामा रही कष्टकर जीवन व्यतित गरिरहनु परेको छ । सर्वप्रथम यस अवस्था सम्म ल्याइ पुर्याउन आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने ती ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र घाइते अवस्थामा रही कष्टकर जीवन व्यतित गरिरहेका दाज्यू भाई दिदी बहिनीहरु प्रति उच्च सम्मान प्रकट गर्दै शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । नेपालको संविधान जारी भए पश्चात स्थापित स्थानीय सरकारको दोस्रो कार्यकालको दोस्रो आ.व. को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा विगत एक बर्षमा हामीले गरेका अनुभव, अभ्यास र वस्तुस्थितीको विश्लेषण गर्न भरमग्दुर प्रयत्न गरिएको छ । यो एक बर्षको दौरानमा हामीले प्रयास गरेका कार्य सम्पादनमा समर्थन गर्दै सहयोग गर्नुहुने आम नगरवासी, समाजसेवी, बुद्धिजिवी, पत्रकार, जनप्रतिनिधी तथा राष्ट्रसेवक कर्मचारी प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छु ।

**सभा अध्यक्षज्यू,**
दोस्रो कार्यकालको दोस्रो बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा आज हाम्रो सामुमा रहेको विद्यमान परिस्थितीको बारेमा छोटो विश्लेषण गर्न चाहन्छु । विभिन्न कालखण्डमा भएका संघर्ष र ती संघर्षमा आफूलाई बलिदान गर्नुहुने शहिदको एउटै उद्धेश्य थियो की देशमा स्थिर राजनीतिक व्यवस्था कायम रहेर आर्थिक र सामाजिक क्रान्तिमा राष्ट्रले प्रगतिको बाटोमा अघि बढोस् भन्ने चाहना थियो । नेपालको संविधानले राष्ट्रको राजनीतिक स्थिरता परिकल्पना गरेतापनि यसलाई ठीक ढंगले सम्बोधन गर्न नसक्दा राजनीतिमा स्थिरता नभएको होकी भन्ने आम जनमानसमा परिरहेको छ । जसले गर्दा देशलाई आर्थिक र समाजिक क्षेत्रमा युद्ध स्तरमा परिवर्तन गर्ने अपेक्षामा निराशा पैदा हुने खालको अवस्था सिर्जना हुँदा हामीले परिकल्पना गरेको परिणाम प्रत्याभूती हुन नसक्ने होकी भन्ने आशंका पैदा भइरहेको छ । आर्थिक क्षेत्रमा आइरहेको मन्दिका कारण सामाजिक क्षेत्र र विकासको क्षेत्रमा अपेक्षाकृत कार्य गर्न नसक्ने अवस्थाले हामीले आशंका गरेको कुरालाई पुष्टि हुन सक्ने अवस्था रहेको छ ।

**सभा अध्यक्षज्यू,**
राष्ट्रिय राजनीतिमा देखा परेको अस्थिरताको संकेत र त्यसबाट प्रभावित भएको अर्थतन्त्रले स्थानीय तहले कार्य सम्पादन गर्दा प्राप्त गर्नुपर्ने सहयोगको कमी र हामीले प्रक्षेपण गरेको आन्तरिक स्रोतको अपेक्षाकृत उपलब्धी हासिल गर्न नसकी रहेको र आवश्यकता अनुसारको जनशक्ति अभावका बीच हामीले दोस्रो कार्यकालको दोस्रो बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेका छौं ।

### १. विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर तथा चुनौती

**(क) चालिएका कदम तथा महत्वपूर्ण प्रयासहरू**

- मध्यकालिन खर्च संरचना , सहकारी मापदण्ड निर्माण ।
- लिसाको अंक ६४.७५ प्राप्त भएको छ ।
- विभिन्न ऐन, नियमावली, कार्यविधी, मापदण्ड र आचारसंहिता संशोधन र निर्माण भएका छन् ।
- सडक गुरुयोजना निर्माण
- सडक ४७७.२२ किलो मिटर
- धुले सडक २३४.१६ किमी,
- ग्राभेलः २१.७७,
- भू उपयोग ऐन २०७६ तथा नियमावली २०७९ बमोजिम नगरपालिकाको जग्गालाई १० वटा क्षेत्रमा वर्गिकरण गरिएको,
- नयाँ शहर आयोजना कार्यालयको सहकार्यमा बसपार्क, खेलकुदमैदान निर्माण कार्यको शुभारम्भ

- सघन शहरी विकास कार्यालय मार्फत लुंग्रेलीगाड बैद्यनाथ धाम पक्की सडक, छिपेखोला वारीपारी पक्की सडक, छिपेखाला दोभान देखि झोलुंगेपुल सम्मको पक्की सडक, सिद्धेश्वरको सरुखेल्ने हरियाली पार्क निर्माण, साँफेबगर देखि जनकल्याण सम्म पक्की सडक लगाएतका बिभिन्न आयोजनामा ५० करोडको ठेक्का टेन्डर भएको
- बयालपाटा अस्पतालको संचालनका लागि नेतृत्वदायी भूमिका सहित अनुदानको व्यवस्थापन
- सुदूरपश्चिम प्रदेश सरकारसँगको साझेदारीमा सिद्धेश्वर बुढाकोट सडक, मष्टामाण्डौ नवाठाना, हिमालय मा.वि. विम्कोट खोला , बुढावगर - बाब्ला सडक चौखुट्टे पातलकोट सडकको स्तरोन्नती कार्य भैरहेको

**(ख) विद्यमान चुनौती तथा अवसरहरू**

हामीले नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हाम्रो नगरपालिकाको विद्यमान अवस्थाको विश्लेषण गरेनौं भने हामीले लिन खोजेको गन्तव्य सुनिश्चित नहुन सक्छ । बुढीगंगा नदी लगायतका विभिन्न खोलाहरुमा बर्षेनी आउने बाढीले जनधनको क्षति पुर्याइरहेको कुरा सर्वविदितै छ ।

युवा जनशक्ति पलायनबाट हामीसँग रहेका उर्वर खेतीयोग्य जमिन बाँझो रहनु तथा लगाइएको बालीनाली पनि प्राकृतिक प्रकोप र जंगली जनावरको प्रहारले आशातित उत्पादन गर्न नसकिरहेको अवस्था छ । भौगोलिक विकटताका कारण स्वास्थ्य क्षेत्रमा अधिकतम प्रयास गर्दा पनि कहींकतै पूर्णरुपमा स्वास्थ्य सेवा व्यवस्थापन गर्न कठिन भइरहेको र तीनै तहका सरकारको स्पष्ट अवधारणा नभएका कारण शिक्षा क्षेत्रमा भौतिक पूर्वाधारको कमी र शैक्षिक सामग्रीको उचित व्यवस्थापन र आवश्यकता अनुसारको दक्ष जनशक्तिको कमीका साथै र अनुशासित तथा मर्यादित रुपमा शिक्षण पेशालाई परिभाषित गर्न नसक्दा शिक्षा क्षेत्रलाई अपेक्षाकृत व्यवस्थापन गर्न सकिरहेका छैनौं । विभिन्न क्षेत्रमा देखापर्ने समस्या र चुनौतीका बाबजुद पनि समथर मैदानी भूभाग देखि उच्च पहाडी क्षेत्र रहेको साँफेबगर नगरपालिकाको उर्वर समथर भूमिमा धान, गहुँ, मकै र उच्च भेगमा रैथाने बाली कोदो,जौ, कागुनु, बेथे जस्ता बालीको उत्पादन र तरकारी फलफूल र दुधको पकेटक्षेत्र निर्धारण गरी उत्पादनमा वृद्धि र बजारीकरण गर्न सकेको खण्डमा हाम्रो आर्थिक आय वृद्धि हुने मात्र नभई यी क्षेत्रमा आत्मनिर्भर हुन सक्ने सम्भावना पनि रहेको छ । नेपालकै चार धाम मध्येको एक धाम बैद्यनाथ धाम, जिमराडी, कालालेकी, धवलछडा, विमकोट दरबार, खप्तड लगायत क्षेत्रको संरक्षण संम्बर्द्धन गर्दै सुदूरपश्चिम प्रदेशकै पर्यटकीय गन्तव्यको रुपमा परिचित खप्तड सम्म आवत जावतमा विद्यमान पैदल मार्गलाइ व्यवस्थित गर्न सकेमा आन्तरिक तथा बाह्य पर्यटक आगमनलाई सुनिश्चित गरी पर्यटन क्षेत्र बाट पनि साँफेबगर नगरपालिकाको आय स्तरमा वृद्धि गर्नको साथै युवा पलायन र बसाइ सराईलाई रोक्न सक्ने सम्भावना रहेको छ ।

सेतीलोकमार्ग, मध्यपहाडी लोकमार्गको मध्यविन्दुमा रहेको हाम्रो साँफेबगर नगरपालिका साँफेबगर विमानस्थल, नयाँ शहर, बुढीगंगा जलविद्युत जस्ता महत्वाकांक्षी आयोजनाहरु कार्यान्वयनमा रहेका छन । यी लोकमार्गहरुको निर्माण सम्पन्न गरी सवारी साधन सञ्चालन गर्न सकेमा र साँफेबगर विमानस्थल फराकिलो गरी बढी सिट क्षमता भएका हवाइ जहाजहरु सञ्चालन गर्न सकेको खण्डमा नगरपालिकामा थप आम्दानी गर्न सकिने सम्भावना त्यत्तिकै रहेको छ । यसका साथै बुढीगंगा नदी लगायत अन्य खोलाले बर्षेनीरुपमा क्षति पुर्याउँदै आएको विद्यमान अवस्थालाई नियन्त्रण गर्न सकेको खण्डमा धेरै उर्वरा भूमिबाट उत्पादन वृद्धि गर्न सकिने र यहाँबाट हुने बसाइ सराईलाई नियन्त्रण गरी नगपालिकाले लिएको सुन्दर समृद्ध साँफेबगर बनाऔं राष्ट्रकै नमूना नगर भन्ने नारालाई सार्थक बनाउन सकिने अवसर हामीसँग रहेको छ ।

## २. चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धिहरूको संक्षिप्त विवरण

**सभा अध्यक्षज्यू,**

अब म गत बर्ष बैशाख ३० गते सम्पन्न निर्वाचनबाट निर्वाचित भए पछिको विगत एक बर्क्षमा हामीले गरेका र गर्न खोजेका कामको बारेमा संक्षिप्त जानकारी गराउन चाहान्छु ।

- चालु आर्थिक बर्षमा यस नगरपालिकामा जम्मा विकास निर्माणका १३३ वटा योजनाहरु रहेका छन् । ति सबै योजनाहरुहरुको ८० प्रतिशत काम भै सकेको छ ।
- यहि आर्थिक बर्समा हामीले ३ वटा योजना को ठेक्का मार्फत योजान सुरु गरेका छौ जसको जम्मा रकम २ करोड ६८ लाख रहेको छ र घटी घटाउमा रु १ करोड ८३ लाख ६ हजार ९ सय ३९ रकममा सम्झौता भई कार्यान्वियन चरणमा रहेका छन् ।
- खानेपानी तर्फ २३२ वटा नयाँ धाराहरुको निर्माण गरी १४ हजार ४ सय २३ जनसंख्याको खानेपानीमा सहज पहुँच पुरउनका लागि जम्मा २६ वटा योजनाहरु यसै आर्थिक बर्षमा सम्पन्न हुदै छन् । जसमा जम्मा रकम १ करोड ७४ लाख ५० पचासहरु रकम बिनियोजन भएको थियो ।
- सिचाई तर्फ जम्मा योजना १४ वटा योजनामा ३७५ मिटर आर सी सी कुलो, ३० मि मेसिनरी कुलो निर्माण सम्पन्न हुने क्रममा रहेको छ । यसबाट लाभान्वित हुने जनसंख्या ४०९० रहेको छ ।
- भवन निर्माण तर्फ जम्मा ६ वटा योजना सम्पन्न भएका छन् जसमा ४ कोठे भवन १, २ कोठे ३ र बाँकी निर्माणधीन अवस्थामा रहेका छन् ।
- यस आर्थिक बर्ष २०७९/८० मा १९.४२२ किमी नयाँ ट्र्याक खोलिएको, ८.३५० किमी सडकको स्तोरोन्नती गरिएको र ११४ घ.न. मिटर ग्याबिनको काम सम्पन्न भएको छ ।

- घेरापर्खाल २०९ मि., गोरेटो ११९७ मि. निर्माण भएका छन् । आन्तरिक आय तर्फ गिट्टी बालुवा संकलन ठेक्का मार्फत गरिएको र रु ४० लाख ७ हजार ६ सय रकममा सम्झौता भएको छ ।
- नगरपालिकाका वडा नं २, ३, ५, ९, ११, १२, १३ र १४ मा आलु पकेट क्षेत्र विस्तार भएको र हिउँदे तथा बर्षे तरकारी खेति तर्फ वडा नं.१, २, ३, ४, ५, ६, ७, ८ र १० मा तरकारी पकेट क्षेत्र संचालन गरिएको र दुवै क्षेत्र गरी करिब २५० रोपनी जग्गामा आलु र हिउँदे तथा बर्षे तरकारी खेति सञ्चालन गरिएको छ ।
- हाल सम्म नगरपालिकामा जम्मा ११९ वटा कृषि समूहहरु दर्ता भएका छन् ।
- नगरका पशु स्वास्थ्यमा समस्या देखिएका वडाहरुमा पशु स्वास्थ्य शिविर संचालन गरिएको छ ।
- स्थानीय पाठ्यक्रम निर्माण र सो पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण भएको ।
- नगर शिक्षा समिति, वडा शिक्षा समिति गठन तथा परिचालन गरिएको
- विद्यार्थी कम रहेका र भौगोलिक रुपमा नजिक रहेका बिद्यालयलाई पायक पर्ने नजिकको बिद्यालयमा समायोजन गरिएको छ ।
- कक्षा ५ र ८ को नगर स्तरीय परिक्षा संचालन गरिएको ।
- शैक्षिक सुधारका लागि नगरपालिकाका सबै सरोकारवालाहरुसँग बृहत सुझाव संकलन गरी नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।
- सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नगरपालिका र प्रधानाध्यापक बिच कार्यसम्पादन सम्झौता करार गरिएको छ ।
- ६८ जना शिक्षकहरुका लागि २ चरणमा नयाँ पाठ्यक्रम सम्बन्धी क्षमता विकास कार्यक्रम संचालन गरिएको
- नगर युवा नमूना संसद संचालन
- युवा प्रतिभा खोजी तथा प्रोत्साहन कार्यक्रम संचालन गरी प्रथम सहभागीलाई प्रदेश स्तरीय कार्यक्रममा सहभागी गराइएको
- बिद्यालय स्तरीय नगरप्रमुख रनिङ्ग सिल्ड प्रतियोगता संचालन भएको, अन्य खेलकुद प्रतियोगिता सञ्चालन भएको ।
- नियमित खोप कार्यक्रम संचालन गरी पूर्ण खोपको सुनिश्चितता भएको
- पोषण अन्तर्गत तौल बृद्धि अनुगमन भएको
- ग्रामिण अल्ट्रासाउन्ड अन्तर्गत ३४५ जना महिलाहरुको गर्भावस्थाको जाँच गरिएको छ ।
- आमा सुरक्षा कार्यक्रम अन्तरगत २२४ वटा न्यानो झोला, ५५२ जनालाई यातायता खर्च, ४५४ लाई गर्भवती उत्प्रेरणा प्रदान गरिएको छ ।
- ५ बर्ष मुनिका सम्पुर्ण बालबालिकाहरुको पोषण लेखाजोखा गरिएको छ ।
- ५ बर्ष मुनिका सम्पुर्ण बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी खुवाईएको ।
- सबै बिद्यालयमा १० देखि १९ बर्षका सबै बिद्यार्थीहरुलाई आईरन फोलिक एसिड वितरण भएको ।
- पूर्णखोप सुनिश्चितताका लागि खोप लाउन छुटेका बालबालिकाको अभिलेख तयार गरिएको ।
- ६८ बर्ष भन्दा माथीका २२५० जना, जेष्ठ नागरिक भत्ता दलित तर्फ ४४७, जेष्ठ नागरिक एकल महिला तर्फ २५०, बिधवा ५९८, अपांगता भएका क वर्गका व्यक्तिहरु ३१ र ख वर्गका ७३, क्षेत्र तोकिएका बालबालिकाहरु १८१६ जना, दलित बालबालिका ७८२ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।
- जन्मदर्ता १३३५, मृत्यु दर्ता ३१९, बिबाह दर्ता २९४, सम्बन्ध बिच्छेद दर्ता २, बसाइसराई दर्ता १५२ अनलाईन मार्फत व्यक्तिगत घटना दर्ता गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्रहीको नयाँ नामदर्ता १०३८ जना, परिचय पत्र नविकरण ५२६८ जना, लगतकट्टा ९२५ जनाको गरिएको छ ।
- अपांगता भएका व्यक्तिहरुका लागि परिचय पत्र वितरण गर्न शिबिर संचालन गरिएको छ ।
- घरेलु हिंसाबाट प्रभावित २ जना महिलाहरुलाई स्वास्थ्य उपचार गरिएको छ ।
- लैंगिक तथा यौनजन्य दुव्र्यावहार निवारण आचार संहिता निर्माण गरी कार्यान्वियन गरिएको छ ।
- नगरपालिकमा लैंगिक हिंसा निवारण कोषको संचालन गरिएको छ ।
- नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यन्वयन समिति गठन गरिएको छ ।
- नगरपालिकामा १४ वटा बाल क्लब र एक नगर स्तरीय संञ्जाल गठन गरिएको छ ।
- महिला हिंसा बिरुद्धको १६ दिने अभियान र बिभिन्न दिवसहरु मनाइएको छ ।

- उद्यम सिर्जना तथा स्तरोन्नती कार्यक्रम सञ्चालन भई वडा नं. ४, ११, १२, १३ र १४ मा २७६ जनालाई अभिमुखीकरण तालिम, कृषिमा आधारित सीप विकास तालिम लगाएतका कार्यक्रम सञ्चालन भएका छन् ।
- बाल विकास कोष परिचालन र २८ जना लाई प्रति विद्यार्थी बराबर शैक्षिक सामग्री वितरण गरिएको ।
- श्रमको सम्मान राष्ट्रको अभीयान संचालन गरिएको ।
- रोजगार उपभोक्ता समिति गठन गरिएको ।
- बैदेशिक रोजगार वोर्ड अन्तर्गतको श्रम स्विकृति र पूर्व श्रम स्विकृतिको लागि सहजीकरण गरेको ।
- आ.व २०८०/८१ को प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि १९३७ जना बेरोजगारलाई सुचिकृत गरिएको ।
- वेरोजगार दर्ता सुची र वेरोजगार फारम भर्ने प्रक्रिया सम्बन्धि सामुदायिक स्तरमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको ।
- सुचिकृत वेरोजगार वाट काममा छनोट भएका लाभग्राहीलाई परिचय पत्र वितरण , रोजगार उपभोक्ता गठन गरी अभिमुखिकरण गरिएको र कामदारको पारिश्रमिक भुक्तानी बैंक खाता मार्फत भूक्तानी गरिएको ।
- नगरपालिकाका विभिन्न ३५ वटा समिति र उपसमिति गठन ।
- नगरपालिकाले हाल सम्म संबिधान र संघीय कानूनले स्थानीय तहलाई प्रदत्त गरेको अधिकारहरुमा रहि १८ वटा ऐन र ति ऐन कार्यान्वयनका लागि नियमावली तथा कार्यबिधिहरु निर्माण गरी कार्यान्वियन गरिरहेको छ ।
- यसै आर्थिक बर्ष देखि नगरपालिकाले आवाधिक योजनाका आधारमा मध्यमकालिन खर्च संरचना तयार गरी कार्यान्वियन गर्ने अभ्यासको थालनी गरेको छ ।
- सूचना प्रबिधिमा आधारित पूर्वाधार व्यवस्थापन प्रणाली सुचारु भएको छ ।
- नगरपालिकाका सूचना , कानून तथा निर्णयहरुलाई वेवसाईडमा अध्यावधिक गरिएको ।
- हाल सम्म संस्था तथा व्यक्तिगत गरी जम्मा १३ जनाले सूचना माग गरिएको तथा हेलो सरकार मार्फत २ वटा गुनासो प्राप्त भएको र सो मध्ये ९ जनाको सूचना माग सम्बोधन गरिएको र २ वटा गुनासो फर्छयौंट गरिएको छ ।
- बुढीगंगा नदीको वातावरणीय प्रभाव मूल्यांकन कार्य सम्पन्न गरिएको ।
- जिल्लाकै व्यापारिक मुटुको ररुपमा रहेको साँफेबगर बजार क्षेत्रको फोहरमैला उठाइ डम्पिङ साइटमा व्यवस्थापन गरिएको ।
- साप्ताहिक रुपमा नगरपालिका परिसर सरसफाइ गरिएको ।
- नगर ऐन संग्रह प्रकाशन गरिएको ।
- ३५ वटा घरको घर नक्सापास तथा अभिलेखीकरण कार्य गरिएको ।
- राष्ट्रिय भूमि आयोगको समन्वयमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको तथ्यांक संकलन गरी अनलाइनमा प्रविष्टि गरिएको ।
- रिक्त रहेका विभिन्न पदहरुमा नियमानुसार पदपूर्ति कार्य सम्पन्न गरिएको ।
- सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको ।
- साँफेबगर नगरपालिकाको न्यायिक समितिमा आएका विवादहरुको मेलमिलापको माध्यमद्धारा समाधान गरिएको ।

## ३. आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरू

### (क). आर्थिक विकास अवस्था

### १.१ कृषि तथा खाद्य सुरक्षा

- साँफेबगरमा निर्माण भएको भएको चिस्यान घरलाई संचालनमा ल्याउनका लागि आवश्यक बजेटको प्रबन्ध गरिनेछ ।
- नगरपालिका क्षेत्रमा कृषि फर्म, कृषि समूह तथा व्यक्तिलाई उत्पादनमा योगदान गर्न प्रोत्साहन स्वरुप कृषि सामाग्रीहरु उपलब्ध गराउँदै अन्य व्यबस्थापन गरिनेछ ।
- नगरपालिका क्षेत्रमा उत्पादन हुने उच्च मूल्यका रैथानेबाली तथा ती बालीहरुको समर्थन मूल्य तोकी बजारको सुनिश्चितता गरिने छ ।
- कृषक समूह तथा फर्मको संस्थागत तथा प्रबिधिक क्षमता विकास गरिनेछ ।
- आयातित तरकारी तथा कृषि उपजहरुमा बिक्री कर लगाइनेछ र कम्तीमा १ ट्याक्टर ट्राली तरकारी उत्पादनलाई सम्बन्धित वडाको कुनै एक स्थानमा तोकिए बमोजिम संकलन केन्द्रको व्यवस्था गरी सो उत्पादनलाई नगरपालिकाले बजारीकरणको लागि व्यवस्थापन गर्ने नीति लिइनेछ ।
- कृषि तथा पशुपंक्षीको बजारीकरणको लागि कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ ।
- कृषकलाई उत्पादनको आधारमा अनुदान तथा प्रोत्साहन गरिनेछ ।
- कृषि प्रविधि प्रसारको लागि कृषि पाठशाला सञ्चालन गरिनेछ ।

- सानो सिंचाई आयोजना सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
- कृषि विमाको लागि आवश्यक पहल गरिनेछ ।
- जैविक मल तथा विषादीको प्रयोगमा प्रोत्साहन गरिनेछ ।

**१.२ पशुपंछी**

- अछामी नौमुठे गाईको संरक्षण, बाख्रा विकास कार्यक्रम, पशु विकास तथा दुध उत्पादन कार्यक्रम र माछा उत्पादनको सम्भाव्यता अध्ययन गरी पशुपंक्षी प्रबर्धन कार्यक्रम संचालन गरिनेछ ।
- गौशाला व्यवस्थापन गरिनेछ ।
- पशु स्वास्थ्य शिबिर संचालन गरिनेछ ।
- पशुपंछीमा लाग्ने विभिन्न किसिमका रोगहरुको नियन्त्रण तथा निवारण गर्न र पशु रोग निदानको लागि विभिन्न रोगको उपचार तथा खोप लगाउने ब्यबस्था मिलाईनेछ ।
- गाई, भैसी, बाख्रा, बंगुरको उन्नत नश्लसंग प्राकृतिक गर्भाधान मार्फत नश्ल सुधार गरिनेछ ।
- व्यवसायिक गाईभैसीपालक कृषकहरूलाई कृषि यान्त्रीकरण कार्यक्रममा लागत साझेदारी प्रकृयामा समावेश गरिनेछ ।
- कृषक दर्ता, अभिलेखिकरण तथा कृषकको वर्गिकरण गरी कृषक परिचय पत्र वितरणको व्यवस्था मिलाइनेछ ।
- आवश्यकता तथा औचित्यताको आधारमा मासु तथा डेरीलाई नियमन गर्दै प्रोत्साहित गरिनेछ ।

**१.३ पर्यटन, सँस्कृति तथा साहित्य**

- नगरभित्र सञ्चालनमा रहेका होमस्टेको तथ्यांक संकलन गरी यसको प्रचार प्रसार तथा प्रवर्धन गरि आन्तरिक पर्यटन विकासमा सुधार गरिने छ ।
- पर्यटन क्षेत्रको विकास र प्रर्वधन गर्न आवश्यक कानूनी र नीतिगत व्यवस्था गर्दै पूर्वाधार विकास गरिनेछ ।
- नगरभित्रका लोकसंस्कृति, रितिरिवाज, रहन सहन परम्परा र पञ्चैबाजाको संरक्षण र सम्बर्धन गरिने छ ।
- नगरभित्र पर्यटकीय सम्भावना बोकी ओझेलमा परेका पर्यटकीय गन्तव्य तथा क्षेत्रको खोजी गर्दै त्यस्ता स्थानको विकास र प्रवर्धन गरिनेछ ।
- पर्यटन पूर्वधार विकासमा स्थानीय संघ संस्था, समुदाय तथा नीजि क्षेत्रको नेतृत्व तथा सहभागितालाई प्रोत्साहन गर्ने नीति अबलम्वन गरिने छ ।
- भाषा, कला , संस्कृतिको संरक्षण तथा साहित्य सम्बन्धी विभिन्न साहित्यिक तथा साँस्कृतिक कार्यक्रम आयोजना गरिने छ ।
- पर्यटन संस्कृति तथा साहित्य मञ्च गठन गरिनेछ ।
- पूरातात्विक धरोहरको वृत्त चित्र निर्माण गरिनेछ ।
- सुदूरपश्चिम प्रदेशकै पर्यटकीय गन्तव्यको रुपमा रहेको खप्तडमा केवुलकार सेवा सञ्चालन गर्न उनीसैन देखि सहस्रलिंग सम्म केबुलकार सञ्चालनको लागि सम्भाव्यता अध्ययन गर्न पहल गरिनेछ ।

**१.४ घरेलु तथा साना उद्योग, वाणिज्य,व्यापार, व्यवसाय र आपूर्ति**

- स्थानीय स्रोत र साधन, सीप, प्रविधि र श्रममा आधारित उद्योगको प्रवर्धन गर्न जोड दिइनेछ ।
- लघु तथा घरेलु उद्योगलाई प्रोत्साहन गरिनेछ । यस्ता उद्योग सञ्चालनको लागि आवश्यक तालिमहरुको व्यवस्था गरी स–साना उद्यमबाट आय आर्जनमा सहयोग पुग्ने वातावरणको सिर्जना गर्ने तर्फ पहल गरिने छ ।
- उपभोक्ता र उत्पादक बिचको सुमधुर सम्बन्ध कायम राख्न नजिकका व्यापारी तथा बजारसँग समन्वय गरिनेछ ।
- उपभोक्ताको अधिकार संरक्षणका लागि उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरि उत्पादित बस्तु तथा सेवाको गुणस्तरमा सुधार, बजार अनुगमन समेतका विधि अवलम्वन गरी स्थानीय उत्पादनका सामाग्रीहरुको उचित प्रवन्ध मिलाइने छ ।
- नगरभित्र संचलनमा रहेका उद्योग तथा अन्य व्यवसायिहरुको दर्ता, नवीकरणको लागि उद्योग वाणिज्य संघसँग आवश्यक समन्वय गरिने छ ।
- नवप्रवर्तनमा आधारित उद्योगको लागि प्रविधि हस्तान्तरण गरिनेछ ।
- उद्योग तथा वाणिज्य क्षेत्रले समाजमा निर्वाह गर्नु पर्ने व्यवसायिक सामाजिक उत्तरदायित्वका बारेमा सचेतना तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।
- उद्योग ग्राम सञ्चालनका लागि आयोजना प्रतिवेदन र सम्भाव्यता अध्ययन गरिनेछ ।
- नगरभित्र सञ्चालित बैंक तथा बित्तीय संस्थासँगको आपसी समन्वय सहकार्यबाट लघु तथा साना उद्यमीहरुलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन पहल गरिनेछ ।

### १.५ आम्दानी, रोजगारी र वित्तीय सेवा

- युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना प्रभावकारी रुपमा कर्यान्वियनमा ल्याइनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको लागि पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

### १.६ सहकारी

- सहकारी संस्थाहरु लाई नियमन संगै सहकारी प्रर्वद्धनमा सक्षम बनाउने तर्फ प्रयत्न गरिने छ ।
- नगरस्तरीय सहकारी सञ्जालको निर्माण गरी क्रियाशील बनाइने छ ।
- सहकारी संस्थालाई एकीकरण गर्ने कार्य अगाडी बढाई ठुला तथा सक्षम सहकारी संस्थाको व्यवस्थापन गरिने छ ।
- सरकारी, नीजि क्षेत्र र सहकारी बिचको सहकार्य र साझेदारीमा उत्पादन र सेवामूलक उद्योग, कृषि व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- नियमित अनुगमन गर्दै सहकारी संस्थाहरुको संस्थागत सुशासन कायम गरिनेछ ।
- सहकारी संस्थाबाट भए गरेका क्रियाकलापहरु समयमै नगरपालिकामा जानकारी गराउने व्यवस्थालाई कडाईका साथ कार्यान्वियनमा ल्याईने छ ।
- सहकारी संस्थाहरुको दिगोपन तथा नियमन गर्नका लागि छुट्टै शाखाको व्यवस्था गरिनेछ ।

## (ख) सामाजिक विकासको अवस्था

### २.१ स्वास्थ्य

- प्रसुति सेवा केन्द्र संचालन नभएका स्वास्थ्य संस्थाहरू (नवाठाना र चण्डिका) मा प्रसुति सेवा केन्द्र संचालन गरिने छ ।
- प्रसुति सेवा केन्द्रमा कार्यरत नर्सिङ स्टाफको लागि SBA तालिमको ब्यबस्था गरिने छ ।
- स्वास्थ्य संस्थाहरूको अनिवार्यरुपमा  सामाजिक परिक्षण  गर्ने ब्यबस्था मिलाइने छ ।
- औषधीको आपूर्ती तथा भण्डारणलाई चुस्त दुरुस्त बनाउने व्यवस्था गरिनेछ ।
- आवश्यक स्वास्थ्य उपकरण खरिद प्रकृयालाइ निरन्तरता दिईनेछ ।
- वडा न १२ को पुत्रुमा शहरी स्वास्थ्य केन्द्रको स्थापना गरी संचालनमा ल्याईनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचय पत्र वितरण गर्दै उनीहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- आमा तथा नवजात शिशुको संरक्षण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- पूर्ण खोपको दिगोपनाको सुनिश्चितता गरी निरन्तरता दिईनेछ ।
- वडा नं. ७ मा नियमित स्वास्थ्य चेकजाँच गर्न गाउँघर क्लिनिकको व्यवस्था गरिनेछ ।
- विभिन्न संघ संस्थासँगको साझेदारीमा प्रजनन स्वास्थ्य ,HIV प्रभावित तथा प्रवासीहरुमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- स्वास्थ्य व्यवस्थापन समितिको क्षमता विकास गरिनेछ ।

### २.२ शैक्षिक विकास

- संस्थागत विद्यालयहरुलाई सञ्चालन अनुमति दिंदा कानुन बमोजिम छात्रवृत्ति कोटा निर्धारण गरेका आधारमा मात्र अनुमति दिईनेछ ।
- बिद्यालयको शैक्षिक गुणस्तरका लागि प्राधानाध्यापकहरुसँग कार्यसम्पादन करार सम्झौताको प्रभावकारी अनुगमन र गुणस्तर अभिबृद्धिका लागि पेशागत क्षमता विकास लगाएतका बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- सामुदायिक बिद्यालयको शैक्षिक सुधारका लागि आवश्यकता अनुसार शैक्षिक सामग्री उपलब्ध गराईने छ ।
- आधरभूत तह (कक्षा ५ र कक्षा ८ ) को अन्त्यमा लिइदै आएको परिक्षालाई थप व्यवस्थित गरिदै लगिने छ । साथै विद्यालय तहको परिक्षालाई थप मर्यादित बनाउन उचित कदम चालिने छ ।
- स्थानीय पाठ्यक्रमलाई क्रमशः प्रभावकारी तरिकाले कार्यान्वियन गरिनेछ ।

- विद्यालय उमेर समुहका बालबालिकाहरुलाई जुकाको औषधी, फोलिक तथा आइरन चक्की, कक्षा ६ सम्म दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, किशोरीहरुलाइ सेनेटरी प्याड लगायतका कार्यक्रमहरुलाई निरन्तरता प्रदान गरिनेछ साथै विद्यालयमा किशोर किशोरीमैत्री सूचना कक्षाका लागि जोड दिइनेछ ।
- दिवा खाजाको लागि स्थानीय कृषि उत्पादनमा आधारित खाद्यवस्तुको उपयोग गर्ने व्यवस्था मिलाइनेछ ।
- प्राविधिक धार सञ्चालन गरिरहेका विद्यालयहरुलाई आवश्यकता तथा औचित्यताको आधारमा प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।
- विद्यार्थीहरुमा सकारात्मक प्रतिष्पर्धा गराउन वडा तथा नगरमा विविध अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- नगरस्तरीय शैक्षिक मेला तथा प्रर्दशनी कार्यक्रम सञ्चालन गरिनेछ ।
- किशोर किशोरीको गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य शिक्षामा जोड दिइनेछ ।
- विद्यालयको आवश्यकतालाई मध्येनजर गरी आ. वि. र मा. वि. तहका अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षकहरुको व्यवस्थापन कार्यलाई प्राथमिकता दिइनेछ ।
- शिक्षक स्वर्णिम योजनालाई क्रमशः त्रिबर्षीय रुपमा कार्यान्वियन गरिनेछ ।
- नगरपालिका बाट अनुमति लिई कक्षा १२ सम्म सञ्चालन गरेका मा.वि. तहका शिक्षकहरुको व्यवस्थापनको लागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ र साझेदारी तथा औचित्यताको आधारमा कार्य सञ्चालन गरिनेछ ।
- दलित तथा आर्थिरुपमा विपन्न समुदायका विद्यार्थीको लागि शैक्षिक छात्रवृत्ति सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

**२.३ खानेपानी तथा सरसफाइ**

- एक घर एक धाराको नीति अनुरुप समुदायमा खानेपानीको पहुँच विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ । यसको लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।
- खानेपानी उपभोग गर्ने उपभोक्ताहरुको उपभोक्ता समिति गठन गरी उक्त समितिलाई नगरपालिकामा दर्ता गरिने छ ।
- साँफेबगर नगरपालिका अन्तर्गत बजार क्षेत्रको खानेपानी ढल निकास तथा सरसफाई कार्यमा व्यापारी/व्यवसायी तथा बजार व्यवस्थापन समितिलाई आबद्ध गरी सरसफाइ कार्यलाई प्रभावकारी ढङ्गले अगाडी बढाइने छ ।
- सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप फोहरमैला व्यवस्थापन गरिने छ ।
- आवश्यकता अनुसार मानवीय चाप रहेका बजारक्षेत्र तथा सार्वजनिक स्थानमा खानेपानी सुविधा पुर्याई सार्वजनिक शौचालय निर्माण गर्ने नीति अवलम्बन गरिने छ ।

**२.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

- समाजमा रहेको लैंगिक हिंसा न्यूनिकरणका लागि बिभिन्न कार्यक्रम संचालन गरिने ।
- महिलामैत्री तथा समावेशीकरण नीति अवलम्बन गरिनेछ ।
- महिलाहरुको जिविकोपार्जन तथा क्षमता अभिवृद्धि गरी महिला सशक्तिकरणमा जोड दिइनेछ ।
- बालविवाह विरुद्ध शून्य सहनशिलताको नीति लिईने छ ।
- बालबालिकाको आधारभूत अधिकारको रुपमा रहेका शिक्षा, स्वास्थ्यको प्रत्याभूती गर्दै लैंगिक विभेद र बाल विवाह विरुद्ध कार्य योजना बनाइनेछ ।
- लैंगिक हिंसा निवारण कोष र आपतकालीन बाल राहत कोषलाई निरन्तरता दिने र एकल महिला कोष स्थापना गरी कोष परिचालन समितिको प्रस्ताव अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।
- विभिन्न समितिहरुको परिचालन समिति बनाई कार्ययोजना अनुरुप कोष परिचालन गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुको तथ्यांक संकलन गरी अपाङ्गताको प्रकृति अनुरुप आवश्यक सहयोगी सामाग्री उपलब्ध गराईने छ । अपाङ्गता भएका व्यक्तिहरुहरुलाई परिचय पत्र वितरण गर्नको लागि परिचय पत्र वितरण तथा अपाङ्गता सम्बन्धी अन्य शिविरहरु सञ्चालन गरिने छ ।
- लैंगिक हिंसा जन्य घटना तथा अन्य कारणले अप्ठेरोमा परेका महिलाहरुलाई लक्षित गरी सेफ हाउसमा राख्ने व्यवस्था मिलाइने छ र सेफ हाउस सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि बनाई प्रभावकारी सञ्चालन गरिने छ ।
- बालमैत्री स्थानीय शासन निर्देशिकाको कार्यान्वियन गरी नगरपालिकालाई बालमैत्री नगर बनाउन त्यसका सूचकहरुको कार्यान्वियनमा जोड दिईनेछ ।
- लैंगिक हिंसाका कारणले मानसिक असन्तुलन भएका व्यक्तिहरुको पहिचान गरी उनीहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराइनेछ र उनीहरुको अवस्थाको विश्लेषण गरी परिचय पत्र वितरण गरिनेछ ।

- लैंगिक हिंसाका घटनाहरुको पहिचान गरी हिंसा पिडीत तथा प्रभावित व्यक्तिहरुको लागि मनोसामाजिक परामर्श सेवा सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ र मनोसामाजिक परामर्श सेवा सञ्चालन हुन नसकेका बाँकी वडाहरुमा कार्यक्रम विस्तार गरिनेछ । लैंगिक हिंसा तथा बाल विवाह न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- लक्षित समूहसँगको साझेदारी सम्झौताका आधारमा कार्य सञ्चालन गरिनेछ ।
- सामाजिक रुपान्तरणका लागि महिला सशक्तिकरण परियोजनालाई निरन्तरता दिदैं अन्य वडाहरुमा विस्तार गर्ने निति लिइनेछ ।
- जातीय विभेद विरुद्ध कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । जातीय विभेद अन्त्यको लागि नगरपालिकाले शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।
- लक्षित समूह समावेशीकरण तथा उत्थान नीति लिइनेछ ।
- जातीय विभेद मुक्त टोल/ बस्ती घोषणा कार्यक्रमलाई उच्च प्राथमिकतामा राखि सञ्चालन गरिनेछ ।
- महिलाहरुको पाठेघर खस्ने समस्या सम्बन्धी व्यापक जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- आमा-बुवा गुमाएका वालबालिका सँग नगर-प्रमुख कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक रुपान्तरणको लागि महिला सशक्तिकरण परियोजनालाई निरन्तरता दिई बाँकी वडामा कार्यक्रम विस्तार गर्न पहल गरिनेछ।

## २.५ युवा, खेलकुद

- विद्यालय स्तरीय नगर प्रमुख रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ र नगर प्रमुख रनिङ् शिल्ड प्रतियोगितामा सहभागी विद्यालयलाई सहभागिता तथा समताको आधारमा व्यवस्थापन खर्च उपलब्ध गराइनेछ ।
- नगर प्रमुख रनिङ् शिल्ड प्रतियोगितामा प्रत्येक विधामा प्रथम, द्धितीय र तृतीय स्थान हासिल गर्ने विद्यालय तथा खेलाडी विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- लगातार ३ पटक सम्म प्रथम स्थान हासिल गर्ने विद्यालयलाई शिल्ड फिर्ता सहित उचित पुरस्कारको व्यवस्था मिलाइनेछ ।
- युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर स्तरीय खेलकुद विकास समितिले पेश गरेको खेलकुद विकास सम्बन्धी कार्ययोजना र कार्यपालिकाले पहिचान गरेका क्षेत्रहरुको आधारमा नगरपालिकाले खेलकुद सम्बन्धी कार्यक्रम संचालन गर्नेछ ।
- एक वडा एक खेलकुद मैदान निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- नगर उप-प्रमुख खुला भलिबल,फुटबल तथा क्रिकेट प्रतियोगिता आयोजना गरिने छ ।
- नगरपालिकाबाट प्रतिनिधित्व गरी खेलकुदमा उत्कृष्ट खेल प्रदर्शन गरी नगरपालिकाको गौरव बढाउने खेलाडीहरुलाई प्रोत्साहन गरिने व्यवस्था मिलाइने छ ।
- लागु औषध दुर्व्यसन सम्बन्धी १४-४० वर्ष उमेर समूहका युवाहरुसँग सचेतना तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ । अवैध घरेलु मदिरालाई नियमन वा नियन्त्रण गरिने व्यवस्था मिलाइनेछ ।

## २.६. सामाजिक सुरक्षा

- सामाजिक सुरक्षा भत्ता रकम बैंकमार्फत वितरण कार्यलाई निरन्तरता दिईनेछ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई प्रणालीमा अध्यावधिक विवरण सहितको परिचयपत्र उपलब्ध गराईनेछ ।
- व्यक्तिगत घटना समयमै दर्ता गराउनको लागि सबै वडाको टोल–टोलमा पुगेर व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गरिनेछ ।
- १४ वटै वडामा घटना दर्ता कार्यलाई अनलाईन प्रणालीमा दर्ता गर्ने कार्यलाई निरन्तरता दिईनेछ साथै उक्त कार्यलाई थप सुदृढीकरणका लागि आवश्यक सामग्रीको व्यवस्था गरिनेछ ।
- व्यक्तिगत घटना दर्ताको २०७४ साल श्रावण भन्दा अगाडिको विवरण डिजिटाईज गरी घटना दर्ताको तथ्यांकलाई सुरक्षित, दिगो र पारदर्शी बनाईनेछ ।
- अपाङ्गता भएका (ग र घ वर्गका) व्यक्तिहहरुको आय आर्जन सम्बन्धी बिशेष कार्यक्रम संचालन गरिनेछ ।
- ५ बर्ष मुनीका बालबालिका र ६८ बर्ष भन्दा माथीका नागरिकलाई वडा कार्यालयमा गएर सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ ।
- ५ बर्ष मुनिका बालबालिकालाई उपलब्ध गराउने बाल पोषण भत्ताको सदुपयोगको लागि सो क्षेत्र हेर्ने गरी आवश्यक कर्मचारीको व्यवस्था गरिने छ ।
- व्यक्तिगत घटना दर्ता गर्ने कर्मचारीको क्षमता विकास गरिनेछ ।

## २.७. बहुक्षेत्रीय पोषण योजना

- स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराउन नसकी आर्थिक अवस्था कमजोर भएका गर्भवतीहरुलाई सुरक्षित प्रसुति सेवाको लागि बयालपाटा अस्पताल सम्म पुर्याउन एम्बुलेन्स सेवा निशुल्क रुपमा उपलब्ध गराइनेछ ।

- आर्थिक अवस्था कमजोर भएका अति शीघ्र कुपोषित बालबालिकाहरुको उपचारको लागि बयालपाटा अस्पतालसम्म पुर्याउने व्यवस्था मिलाइनेछ र कुपोषणको अवस्थामा सुधार ल्याउन पोषणजन्य वस्तुमा सहयोग गरिनेछ ।
- पोषण अवस्थामा सुधार ल्याउन स्वस्थ बच्चा प्रतिस्पर्धा कार्यक्रम सञ्चालन गरिनेछ ।
- अति विपन्न सुनौलो १००० दिनका आमा तथा बच्चाहरुको पोषण स्थितिमा सुधार ल्याउन मासु तथा अण्डाको लागि कुखुराको चल्ला वितरण गरिनेछ ।

## (ग). पूर्वाधार तथा शहरी विकासको अवस्था

### ३.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

- नगरपालिका अन्तर्गत वडा कार्यालयको भवन तथा स्वास्थ्य चौकी भवन नभएका वडाहरुमा भवन निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाउन पहल गरिनेछ ।
- सघन सहरी विकास कार्यालयको समन्वयमा खर, पराल तथा फुसले छाएका घरहरुलाई विस्थापित गरी जस्तापाताको छानामुनि ल्याउने प्रयोजनार्थ सुरक्षित नागरिक आवास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्यालाई मध्येनजर गरी कानुन बमोजिम जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराइनेछ ।
- नयाँ शहर आयोजना कार्यालयको कार्यक्षेत्र नगरपालिकाको १४ वटै वडामा विस्तारको लागि पहल गरिनेछ ।

### ३.२ सडक, पुल तथा यातायात

- कालभैरब मन्दिर देखि साँफेबगर एयरपोर्ट जोड्ने पक्की पुल निर्माणको लागि पहल गरिनेछ ।
- साँफेबगर खप्तड पर्यटकीय कोरिडोर सडक त्रिवेणी देखि उडालढुंगा हुँदै हाँडी गुफा सम्म सडक निर्माण योजनाको लागि सम्भाव्यता अध्ययन गरी नयाँ ट्र्याक खोलिनेछ ।
- तालगाड मोटरेवल पक्की पुल निर्माण योजनाको लागि आयोजना प्रतिवेदन र सम्भाव्यता अध्ययन गरिनेछ ।
- चौखुट्टे पातल, बुढाकोट, देविस्थान, खप्तड हुदै बाजुरा काँडा सम्मको सडक निर्माण कार्यको लागि सम्भाव्यता अध्ययन गर्न पहल गरिनेछ ।
- पुवागाउँ देखि १० नं. वडा कार्यालय घुघुरकोट सडक स्तरोन्नतीको लागि पहल गरिनेछ ।
- संग्रामतोली देखि ब्रमेली हुदै खप्तड नाईनी सडकको स्तरोन्नतीको लागि पहल गरिनेछ।
- बुढाबगर, बाब्ला, खप्तड पुत्रु हुँदै काँडा बाजुरा जोड्ने सडकको स्तरोन्तीको लागि पहल गरिने छ ।
- जाल्पादेवी हुँदै पातलकोट जोड्ने सडकको ट्र्याक खोल्न पहल गरिनेछ ।
- ठाँटी देविस्थान सडक स्तरोन्नतीको लागि पहल गरिनेछ ।
- वडा नं. १ को भैरवस्थान देखि कालिकास्थान जाने सडक स्तरोन्नतीको लागि पहल गरिनेछ ।
- फुलौटी डाडाँ देखि सैनीआम हुदै चित्रेपडा सम्मको सडकको ट्र्याक खोली स्तरोन्नती को लागि पहल गरिनेछ ।
- प्रभा दयगडा माडी हुँदै बासकाटिया सम्मको सडक स्तरोन्नतीको लागि पहल गरिनेछ ।
- संघीय तथा प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा नगरपालिकाका क्षेत्रका सडक कल्भर्ट तथा पुलहरु निर्माणका लागि लागत स्टीमेटका आधारमा आवश्यक बजेट व्यवस्था गर्न पहल गरिनेछ ।
- साँफेखोला-अस्थान हुँदै विमकोटी खोला सम्मको सडक विस्तार गरिनेछ ।
- छिपेखोला देखि नवाठाना सम्मको सडक मर्मत सम्भार गरिनेछ ।
- आवश्यकता तथा औचित्यताको आधारमा नगरक्षेत्रका सडकहरुको मर्मत गरिनेछ र सडक सञ्जालले नछोएका टोल बस्तीहरुमा सडक विस्तार गरिनेछ ।
- ताँसि देखि घुघुरकोट मा.वि. सडक विस्तार गर्न पहल गरिनेछ ।
- हिमालय मा.वि. देखि विमकोट सम्मको सडक स्तरोन्नती कार्यको लागि आवश्यक पहल गरिनेछ ।
- ०७ नं. वडा कार्यालय रिडीकोट देखि जिमराडीधाम धार्मिक तथा पर्यटकीय सडक स्तरोन्नतीको लागि पहल गरिनेछ ।
- वडा नं. १० को चुल्ठे देखि थुमसम्म सडक विस्तार गर्न पहल गरिनेछ ।
- वडा नं. १० को बेतालमाण्डौं मा.वि. देखि वडा कार्यालय सम्म सडकको नयाँ ट्र्याक खोल्न पहल गरिनेछ ।
- भण्डारी गाउँ देखि सामातडा बुढीगंगा हाइड्रोपावर सम्म सडक स्तरोन्नतीको लागि पहल गरिनेछ ।
- वडा नं. १३ देखि वडा नं.१२ खप्तड

### ३.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

- नेपाल बिद्युत प्राधिकरणसँगको समन्वय र सहकार्यमा बिद्युतको पहुँच नपुगेका स्थानहरुमा बिद्युतीकरण गरि शतप्रतिसत पहुँच पुर्याईने छ ।
- साँफेबगर नगरपालिकाको हाटबजार र एयरपोर्ट बजार र अन्य बजार क्षेत्रमा सोलार सडक बत्तिहरुको मर्मत सम्भार र बिद्युत प्राधिकरणसँग सहकार्य गरी थप बिद्युतीय सडक बत्तिहरु जडान गरिनेछ ।
- वडा नं. १२ खप्तड अन्तर्गत भेरासैन टोलमा विद्युतीय पोलको व्यवस्था गरिनेछ ।

- राष्ट्रिय प्रशारण लाइनमा नजोडिएको वडा नं. १३ को ओला टोलमा विद्युतीकरण गर्न पहल गरिनेछ।
- नेपाल विद्युत प्राधिकरणको समन्वयमा नगरक्षेत्रमा अव्यवस्थित रुपमा रहेका विद्युतीय तार तथा पोलहरुको व्यवस्थापन गर्न पहल गरिनेछ।

**३.४ सूचना, सञ्चार तथा प्रविधि**

- नेपाल टेलिकम र बिद्युत प्राधिकरणसँगको सहकार्यमा साँफेबगर नगरपालिका अन्तर्गतका सबै वडामा NT-FIBER ईन्टरनेट लाईन विस्तारका लागि पहल गरिनेछ।
- साँफेबगर नगरपालिकाको तथ्याङ्क संकलन गरी पाश्व चित्र निर्माण गरिने छ र सोको आधारमा घर पसल परिचय पत्र वितरण गरिनेछ।
- साँफेबगर नगरपालिकाको कार्यालयमा नेटवर्किङ्ग गरिनेछ र सफ्टवेयरमा आधारित विभिन्न प्रणालीहरुको निर्माण गरी उपयोगमा ल्याई सञ्चालन गरिनेछ।
- बजार क्षेत्र र वैद्यनाथ धाममा CC TV जडान गरिनेछ।
- सूचना प्रविधि सम्बन्धि साक्षरता तालिम र अभिमुखीकरण कार्यक्रम गरिनेछ।
- साँफेबगर नगरपालिकाको निशाना छापको डिजाइन गरी प्रयोगमा ल्याईने छ।
- विकासको सवालमा जनप्रतिनिधी, जनतासँग मेयर रेडियो कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरपालिकाको सूचना प्रणाली पारदर्शी बनाइने नीति लिइनेछ।

**३.५ प्रधानमन्त्री रोजगार कार्यक्रम**

- प्रधानमंत्री रोजगार कार्यक्रममा साझेदारी गरिनेछ।
- वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्विकृती र पूर्व श्रम स्विकृतीमा सहजीकरण गरिनेछ।
- मेयर रोजगार कार्यक्रम संचालन गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम लाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन गरिनेछ।
- सिप विकास तालिम केन्द्रको साझेदारीमा सिपमूलक तालिम संचालन गरिनेछ।

## (घ). वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

**४.१ वन तथा जैविक विविधता**

– बन क्षेत्रको विकासका लागि नगर क्षेत्रका सामुदायिक बन उपभोक्ता समितिहरु बिचको समन्वयमा वन विकास सम्बन्धी बिशेष योजना बनाईनेछ।

– नगर क्षेत्रमा क्रियाशील सामुदायिक बन उपभोक्ता समितिहरुलाई नगरपालिकामा दर्ता गरी सामुदायिक वन उपभोक्ता समितिको नगर स्तरीय संजाल निर्माण गरी सो मार्फत वन विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

– सामुदायिक बनहरुलाई उत्पादनमूलक आयआर्जन क्रियाकलापमा जोडी वन पैदावरको उत्पादन तथा बिक्री सम्बन्धी बार्षिक कार्ययोजना निर्माण गरी उपभोक्ताहरुको क्षमता विकास गरिनेछ।

**४.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन**

- लिफ्ट सिंचाई प्रबिधिको सम्भावना भएका क्षेत्रहरुको पहिचान गरी सो पद्धतिको अवलम्वन गर्न पहल गरिनेछ।
- सिंचाइ सुविधा उपलब्ध भएको जग्गामा पक्की कुलो निर्माण गरी सिचाईमा पहुँच विस्तार गर्न पहल गरिनेछ।
- संघ र प्रदेश सरकारको समन्वयमा साँफेबगर नगरपालिका क्षेत्रमा बर्षेनी रुपमा हुने बुढीगंगा तथा अन्य नदी तथा खोलाहरुमा आउने बाढीको कटानबाट जोगाउन बाढी प्रभावित क्षेत्रहरुमा भू-संरक्षण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

**४.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन**

– नगरक्षेत्रको फोहरमैला व्यवस्थापनका लागि वडा नं. १० मा अवस्थित ल्याण्ड फिल्ड साईटलाई उपयोगमा ल्याइनुका साथै बैकल्पिक ल्याण्ड फिल्ड साइटको व्यवस्था गरिनेछ र फोहरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्थापन गरिनेछ।

– सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप नगरक्षेत्रको फोहरमैला व्यवस्थापन गरिनेछ।

– साँफेबगर नगरपालिका कार्यालय परिसरमा हरियाली वातावरण बनाउन साना प्रजातिका विरुवा रोपिनेछ।

– पहिरो प्रभावित तथा सुख्खा र खाली क्षेत्रमा वृक्षारोपण गरिनेछ।

– जलवायू परिवर्तनको असरलाई न्यूनीकरण गर्न तथा जलाधार क्षेत्रहरुको संरक्षणको लागि रिचार्ज पोखरी निर्माण गरिनेछ।

– वातावरण मैत्री विकासलाई प्राथमिकता दिइनेछ।

**४.४ महामारी तथा विपद् व्यवस्थापन**

– विपद् व्यवस्थापन समितिलाई आवश्यकता अनुसार समयसापेक्ष अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

- नगरस्तरीय विपद् व्यवस्थापन समिति लगायत अन्य सरोकारवालाहरुसँग समन्वय गरी विपद प्रति कार्ययोजना तयार गरिने छ ।
- विपत व्यवस्थापन कोषमा आवश्यकता अनुसार बजेट व्यवस्था गरिनेछ ।
- विपद् समाधान र विकास निर्माणका कार्यमा युवा परिचालनको नीतिलाई जोड दिइने छ ।
- सबै वडा कार्यालयमा विपद–व्यवस्थापनका लागि आधारभूत सहयोगी सामाग्रीको व्यवस्था मिलाउन निर्देशन गरिने छ ।
- अन्य निकायसंग समन्वयमा आगलागि जन्य विपदको घटना निवारणका लागि नगर क्षेत्रलाइ खरको छाना मुक्त घर निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।
- अन्य निकायसंगको समन्वयमा नगरक्षेत्र भित्र सम्भावित ठूला विपद्जन्य घटनालाई दृष्टिगत गरी त्यस्तो प्रकारको घटनाबाट प्रभावितहरुलाई खोज, उद्धार तथा राहतको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।
- साँफेबगर नगरपालिकाको विपद् जोखिमको अवस्थालाई मध्येनजर गरी विपद् व्यवस्थापन सामग्रीको व्यवस्था मिलाइनेछ ।
- प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्तिहरुको व्यवस्थापनका लागि उपयुक्त ठाउँलाई खुला क्षेत्र पहिचान गरिनेछ ।
- वडा स्तरीय विपद् जोखिम व्यवस्थापन समिति गठन गरिनेछ ।

## (ङ). सुशासन तथा संस्थागत व्यवस्था

### ५.१ सुशासन तथा सार्वजनिक सेवा प्रवाह

- सार्वजनिक सेवा प्रवाहमा सुधार गर्दै मितव्ययी, पारदर्शी एवं उत्तरदायी प्रशासनमा जोड दिइनेछ ।
- नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त र मजबुत बनाउन आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरिने छ ।
- नगरपालिकाले प्रदान गर्ने सेवाहरुलाई डिजीटाइजेशन गर्ने गरी एकीकृत तथा अन्तर–आवद्द प्रविधि तथा तथ्याङ्क भण्डार र यसको विकासमा जोड दिइनेछ ।
- सर्वसाधारणका लागि नगरपालिकाबाट प्रवाह हुने सूचना तथा जानकारीलाई प्रविधिमैत्री सहित नागरिक डिजिटल डिस्प्ले बोर्ड जडान गरिनेछ ।
- वडा संचालनको लागि आवश्यक पर्ने न्यूनतम बजेटको व्यवस्था गरी आवश्यकताको आधारमा माग भई आएका अन्य योजना तथा कार्यक्रममा बजेट व्यवस्था गरिनेछ ।
- वडा कार्यालयलाई प्रविधिमैत्री बनाउनको लागि विद्युतीय हाजिरी, ईन्टरनेट, सूचना पाटी राख्ने सम्बन्धी कार्यलाइ निरन्तरता दिइनेछ ।
- टोल विकास संस्थाहरुलाई आवश्यकता औचित्यताको आधारमा साधन स्रोत परिचालन गरी क्षमता विकास गरिनेछ ।
- साँफेबगर नगरपालिका क्षेत्रको आन्तरिक सुरक्षा व्यवस्थालाई मजबुत बनाउन नगर प्रहरी को व्यवस्था गरिनेछ ।
- प्रशासनलाई प्रभावकारी वनाउन कर्मचारीलाई बदलिदो परिस्थिति अनुसारको सिप, ज्ञान र क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका तालिमको आयोजना गरिनेछ ।
- स्थानीय तह स्वमूल्याङ्कन अभिमूखिकरण कार्यक्रम गरिनेछ ।
- सार्बजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण र सामाजिक परिक्षणलाई अनिवार्यरुपमा अवलम्बन गरी सुशासन र पारदर्शिता प्रवर्द्धनमा जोड दिईनेछ,
- उपभोक्ता समितिहरुलाई आयोजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।
- नीति, कार्यक्रम र वार्षिक बजेटको चौमासिक समिक्षा गरिनेछ ।

### ५.२ सङ्गठनात्मक विकास

- नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्यलाई अगाडी बढाइनेछ ।
- कर्मचारी र जनप्रतिनिधि सहितको अध्ययन अवलोकन भ्रमण गरी असल अभ्यासहरुलाई ग्रहण गरी कार्यान्वयन गरिने छ ।
- कर्मचारीहरुको सीप, क्षमता तथा ज्ञानको विकासमा जोड दिई कर्मचारीलाई सक्षम र सवल सहित प्रशासनिक तथा प्राविधिक कर्मचारीलाई प्रविधिमैत्री क्षमता विकास तालिम दिइनेछ ।
- सर्वोत्कृष्ट र उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरी कर्मचारीको मनोबल उच्च बनाइने छ ।
- नगरपालिकाको करार सेवाको कर्मचारीले पाउँदै आएको पोशाक सुविधालाई निरन्तरता दिईनेछ।
- करार सेवाका कर्मचारीहरुको सेवा, शर्त र सुविधालाई समयानुकुल बनाउन आवश्यक कानुन बनाइनेछ ।
- वडा तहको अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।

- कर्मचारी लाई उत्प्रेरित गर्न मौद्रिक तथा अमौद्रिक सुविधाहरु थप गरिनुका साथै कर्मचारी आवासका लागि यसै आ.व. मा कार्य अगाडि बढाइनेछ,

**५.३ श्रोत परिचालन**

- करदाताको विवरण विद्युतीय माध्यमद्धारा कर प्रणालीमा आवद्ध गरी व्यक्तिगत कर पहिचान नम्वर प्रदान गर्ने तर्फ प्रयत्न गरिने छ ।
- राजश्व सुधार सम्बन्धी चौमासिक रुपमा समिक्षा गरिनेछ ।
- नगरपालिकाको आन्तरिक स्रोत बृद्धिका लागि करको दायरा बढाउन करदाता दर्तालाई अभियानको रुपमा संचालन गरिनेछ ।
- सम्पति कर ,घर बहाल कर, बहाल बिटौरी कर, व्यवसाय कर लगायत अन्य सम्पूर्ण क्षेत्रलाई करको दायरामा ल्याईनेछ ।
- कर प्रशासनलाई चुस्त, सरल र प्रविधिमैत्री बनाई करदाताको अधिकतम सहभागिता सुनिश्चित गरिनेछ ।
- राजश्व प्राणालीलाई आधुनिक प्रविधिको प्रयोग मार्फत न्यायपूर्ण एवं पारदर्शी बनाई नगरपालिकाको आन्तरिक आय बढाउने प्रयत्न गरिने छ ।
- नगरक्षेत्र भित्र संचालित आर्थिक कारोवार गर्ने विभिन्न संघ संस्थाहरुसँग आवश्यक समन्वय गरी राजश्व संकलन गरिने छ ।
- सम्पति कर लागू हुन बाँकी रहेका वडाहरुलाई सम्पति करको दायरामा ल्याईनेछ ।
- राजश्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- राजस्व परिचालनको लागि लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

**५.४ योजना व्यवस्थापन**

- नगर भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको गुणस्तर परिक्षणका लागि विभिन्न चरणमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- सफल र उदाहरणीय कार्य सम्पन्न गर्ने योजना निर्माण उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ ।

**५.५ न्यायिक समिति**

- मेलमिलाप सम्बन्धी आधारभुत तथा पुनर्ताजगी तालिम संचालन गरी प्रत्येक वडामा मेलमिलाप केन्द्रको व्यवस्थापन गरिनेछ ।
- मेलमिलाप केन्द्रहरुमा आवश्यकता तथा औचित्यताको आधारमा साधन स्रोत उपलब्ध गराइनेछ ।
- मेलमिलाप केन्द्रहरुको प्रभावकारी अनुगमन तथा नियमनको व्यवस्था मिलाइनेछ ।
- न्यायिक समितिको कार्यालय तथा इजलास व्यवस्थापन र क्षमता विकास गरी न्याय सम्पादनलाई प्रभावकारी बनाइनेछ ।
- न्यायिक समिति, कार्यपालिका,कानुन शाखा, मेलमिलापकर्ता अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- मेलमिलाप कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरी मेलमिलापकर्ताहरुलाई परिचालन गरिनेछ ।
- न्यायिक समितिमा आउने विवादहरुको सरल र सहजरुपमा समाधानको लागि माकुरा समूह सँग सहकार्य गरिनेछ । न्यायिक समिति,कानुन शाखा,मेलमिलापकर्ता र माकुरा समूहको सिकाई तथा अन्य स्थानीय तहका असल अभ्यासको बारेमा जानकारी हासिल गर्न अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।
- न्यायिक समितिको काम, कर्तव्य र अधिकारको बारेमा समुदायमा अन्तरक्रिया तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**५.६ विविधः**

- चालु आ.व. मा स्थापित दायित्वको भुक्तानी हुन नसकिने अवस्था रहेमा आ.व. २०८०/०८१ मा सिर्जित दायित्व सारी भुक्तानी व्यवस्था मिलाइनेछ ।

**सभा अध्यक्षज्यू,**

**नगरसभा सदस्यज्यू,**

अन्तमा साँफेबगर नगरपालिकाको सर्वाङ्गिण विकासको लागि हामीले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले समेट्न नसकेको क्षेत्र परिस्थिती अनुरुप आत्मसात गर्दै परिणाममुखी कार्यलाई प्राथमिकतामा राख्ने नीति लिइनेछ र नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका क्षेत्रमा नपरेका क्षेत्रको व्यवस्थापन गर्दै आर्थिक, सामाजिक,राजनीतिक विकासको कार्यलाई निरन्तरता दिइनेछ । यस कार्यमा सबै क्षेत्रको उत्तिकै रुपमा साथ सहयोगको अपेक्षा गर्दै नीति कार्यक्रम निर्माणमा सहयोग पुर्याउने सबैलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवादः

**शिव बहादुर कुँवर**
**नगर उप-प्रमुख**